# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक २६ गते २०२५ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ (संशोधन सहित) को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले, त्रिभुवन नगर भन्सार अन्तर्गतको रघुनाथपुर छोटी भन्सार भवन निर्माण गर्नको लागि निम्नलिखित जग्गा प्राप्त गर्न निर्णय गरेकोले सम्बन्धित जग्गा धनीले जग्गाको मोल र अरू नोक्सानी बापत क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

जि. म. प्र. मौजे रघुनाथपुर रामनन्द ठाकुर वरहीको नाममा दर्ता भएको कित्ता नं. ११८० को लाल विहारीको आवादी जग्गादेखि पूर्व, रामचलितर राय यादवको आवादी जग्गादेखि दक्षिण, दरवारी सोनारको आवादी जग्गादेखि उत्तर, रघुनाथपुरबाट भारतजाने सडकदेखि पश्चिम, यति चार किल्ला भित्रको जग्गा साविक कट्ठा ८४।।।१, हाल नाप गर्दा देखिएको कट्ठा ८४।३ को जम्मा मालपोत रू. १२।२३ ( बाह्र रुपैयां तेइस पैसा ) लाग्ने कित्ता – – – – – – – १

आज्ञाले–

भेषबहादुर थापा

श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।